बैठक संख्या -१४९

आज मिति २०८३।०७।१८ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा वसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

क्र स	नाम	पद	दस्तखत
१	श्री माधवप्रसाद अर्याल	अध्यक्ष	
२	श्री चमेली गुरुङ	उपाध्यक्ष	
३	श्री मार सिङ तामाङ	वडा अध्यक्ष	
४	श्री टुकु प्रसाद सुवेदी	वडा अध्यक्ष	
५	श्री लालवहादुर तामाङ लामा	वडा अध्यक्ष	
६	श्री अमर वहादुर बुलुन	वडा अध्यक्ष	
७	श्री यमनाथ आचार्य	वडा अध्यक्ष	
८	श्री बुटी तामाङ	सदस्य	
९	श्री ज्ञानु विश्वकर्मा	सदस्य	
१०	श्री शान्ती माया तामाङ	सदस्य	
११	श्री पुतली विश्वकर्मा	सदस्य	पुतली
१२	श्री पुर्ण वहादुर घले	सदस्य	
१३	श्री राम वहादुर विश्वकर्मा	सदस्य	
१४	श्री तिलकराम पोखरेल	सदस्य सचिव	

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

वैठक संख्याः १४९ मितिः २०८३/०७/१८

प्रस्तावहरुः

१. विपद् व्यवस्थापन कोषबाट खर्च भएको रकम स्वीकृत गर्ने सम्वन्धमा।
२. उत्तरगया गाउँपालिका वडा नं १ अन्तर्गत घडेरीडाँडादेखि कामलुङ्ग हुँदै करुमर्याङ्ग जाने मोटरबाटो स्तरोन्नति गर्ने सम्बन्धमा।
३. २१ औं गाउँसभा (विशेष अधिवेशन) आह्वान सम्वन्धमा।
४. सेवा करारका कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा ।
५. प्रतिवेदन अनुमोदन गर्ने सम्वन्धमा ।
६. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
७. उत्तरगया गाउँपालिकाको बाल संरक्षण मापदण्ड अनुमोदन गर्ने सम्बन्धमा।
८. विपद् मा परी बेपत्ता व्यक्तिको आधिकारिक विवरण दावी विरोधका लागि सार्वजनिक गर्ने सम्बन्धमा ।
९. पदपूर्तिका लागि अख्तियारी प्रदान गर्ने सम्वन्धमा।

निर्णयहरुः

१. स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८३ कार्तिक १८ गते वसेको वैठकबाट अनुमोदन भई आएको विपद् व्यवस्थापन, खोज, उद्धार, आपतकालीन राहत सामाग्री खरिद तथा तत्कालिन राहत वितरणको कार्यका लागि खर्च भएको कुल रकम रु २२,०९,२५०।- (अक्षरेपी बाइस लाख नौ हजार दुई सय पचास रुपैंया मात्र ।) स्वीकृत गरी विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने ।

२. स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८३ कार्तिक १८ गते वसेको वैठकबाट उत्तरगया गाउँपालिका वडा नं १ अन्तर्गत घडेरीडाँडादेखि कामलुङ्ग हुँदै करुमर्याङ्ग जाने मोटरबाटो बाढी तथा वर्षाका कारण क्षतिग्रस्त भई आवतजावतमा ठूलो कठिनाई उत्पन्न भएकोले उक्त मार्गलाई तत्काल मर्मत तथा स्तरोन्नति गर्नुपर्ने आवश्यकता भएकोले आवतजावत तथा आपतकालीन उद्दारको कार्यलाई सहज बनाउन उक्त बाटो स्तरोन्नतिका लागि रु १५ लाख बजेट विपद् व्यवस्थापन कोष मार्फत कार्यान्वयन गर्ने निर्णय गरे बमोजिम उक्त कार्यका लागि तत्काल निर्धारित कोष मार्फत खर्च गर्ने गरी कार्य अगाडि बढाउने।

२०८३/०७/१८
तिलकराम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

३. मिति २०८३ साल भदौ १० गते आएको बाढीका कारण गाउँपालिकाका विभिन्न स्थानमा जनधन, भौतिक पूर्वाधार, सडक, खानेपानी, सिँचाइ, विद्यालय, सार्वजनिक संरचना तथा निजी सम्पत्तिमा क्षति पुगेको र बाढीबाट प्रभावित नागरिकहरूको राहत, उद्धार, पुनःस्थापना तथा क्षतिग्रस्त संरचनाहरूको मर्मत सम्भार र पुनर्निर्माणका कार्यहरू तत्काल गर्नुपर्ने अवस्था सिर्जना भएको हुँदा चालु आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा आवश्यक संशोधन तथा रकमान्तर गर्नुपर्ने देखिएकोले उक्त प्रयोजनका लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा १९ को उपदफा ३ बमोजिम २१ औं गाउँसभा (विशेष अधिवेशन) मिति २०८३ साल मंसिर महिनाको ७ गते सोमबार बिहान ११:०० बजे ५ नं वडा कार्यालयको भवनमा बस्ने गरी आह्वान गर्ने निर्णय गरियो। साथै, बाढीबाट भएको क्षतिको विवरण तथा आवश्यकता पहिचान गरी प्राथमिकताका आधारमा बजेट संशोधन, रकमान्तर तथा नयाँ कार्यक्रम समावेशसम्बन्धी प्रस्ताव र आवश्यक कार्यसूची तयार गरी प्रचलित कानुनी व्यवस्था बमोजिम गाउँसभामा पेस गर्ने प्रक्रिया अगाडि बढाउन शाखाहरुलाई जिम्मेवारी दिने ।

४. अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीलाई दिइने सेवा, सुविधा र सर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा ६ बमोजिम तपसिलका कर्मचारीहरुको देहाय बमोजिमको सेवा अवधिका आधारमा रकम विनियोजित बजेटबाट भुक्तानी गर्ने ।

सि नं	कर्मचारीको नाम थर	पद	शुरु नियुक्ति मिति	सेवा अवधि	प्राप्त गर्ने रकम दर	कुल प्राप्त गर्ने रकम
१	निकिता ढकाल	नायव प्राविधिक सहायक (चौथो)	२०७६।०७।११	६ वर्ष ८ महिना	३२९०२	१९७४१२
२	रवि गुरुङ	कार्यालय सहयोगी	२०७७।०७।०२	६ वर्ष	२७१७२	१६३०३२

५. मिति २०८३ असोज महिनाको १४ गते बसेको १४७ औं गाउँ कार्यपालिकाको बैठकले मिति २०८३ भाद्र १० गते भोटेकोशीमा आएको विनासकारी बाढीले क्षति पुऱ्याएको उत्तरगया गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरुमा रहेका जिन्सी सामाग्री तथा स्रेस्ता समेतका क्षतिको लगत संकलन गरी विस्तृत विवरण तयार गर्न गठित समितिबाट प्राप्त भएको

२०८३/६/१८
तिलकराम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

उत्तरगया गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयमा भएको क्षतिको प्रतिवेदन, २०८३ लाई स्वीकृत गर्ने ।

६. मिति २०८३ कार्तिक १२ गते वसेको गाउँ शिक्षा समितिको वैठकले गरेका सम्पूर्ण निर्णय अनुमोदन गर्ने ।

७. बालबालिकालाई सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण र उपेक्षाबाट सुरक्षित राखी उनीहरूको सर्वोत्तम हित र अधिकारको सुनिश्चितता गर्नका लागि तर्जुमा गरिएको उत्तरगया गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८३ अनुमोदन गर्ने ।

८. मिति २०८३ कार्तिक १८ गते बसेको विपद् व्यवस्थापन समितिको वैठकवाट वडागत रुपमा पहिचान भई कायम गरिएका बेपत्ता व्यक्तिहरुको विवरण अनुमोदन गरी उक्त विवरण रसुवा भोटेकोशी बाढीमा वेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३ बमोजिम दावी विरोधका लागि तीन दिनको म्याद दिई सार्वजनिक गर्ने ।

९. उत्तरगया गाउँपालिका वडा नं २ अन्तर्गत कार्यालय सहयोगी पदमा कार्यरत श्री रवि गुरुङले मिति २०८३ साल कार्तिक महिनाको १३ गतेवाट लागु हुने गरी राजिनामा दिनुभई निजको राजिनामा सोही मितिबाट लागु हुने गरी स्वीकृत भएकोमा निजले राजिनामा दिए पश्चात् रिक्त हुन आएको पदमा सेवा करारमा कार्यालय सहयोगी पदपूर्ति गर्नका लागि प्रचलित कानुन बमोजिमका सम्पूर्ण प्रक्रिया पूरा गरी सफल उम्मेदवार गाउँपालिका समक्ष सिफारिस गर्नका लागि अख्तियारी प्रदान गर्ने ।

२०८३/१६/१८
तिलकराम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत